सिगास गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०५ संख्या ....... मितिः२०७९।

भाग -२

सिगास गाउँपालिका

## उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट हुने आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्द्धन गर्ने, संस्थागत सुत्केरी सेवाको संख् वृद्धि गर्न, गाउँपालिकाभित्र सुत्केरी हुने आमाहरुको स्वास्थ्य स्थितिमा सकरात्मक सुधार ल्याउन, आमा र नवशिशुलाई स्वस्थ राख्न आमाहरुको उच्च सहभागिता सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित र सशक्तिकरण गर्न साथै आमाहरुको मृत्यु सबैभन्दा धेरै सुत्केरी अवस्थामा हुने भएकाले सुत्केरी अवस्थामा आमाहरुको स्वास्थ्य जाँच गरी जटिलताहरु पहिचान गर्दै सोको व्यवस्थापन गर्न, आमा र बच्चाको मृत्यु हुनबाट जोगाउन बाञ्छनीय भएकाले सिगास गाउँपालिकाले उपाध्यक्ष कोसेली कार्यक्रम संचालन कार्यविधि, २०७९ बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "अध्यक्ष" भन्नाले सिगास गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ख. "उपाध्यक्ष" भन्नाले सिगास गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ग. "कार्यपालिका" भन्नाले सिगास गाँउ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ. "गाउँपालिका" भन्नाले सिगास गाउँपालिका सम्झनु पर्दछ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिगास गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च. "स्वास्थ्य शाखा" भन्नाले सिगास गाउँपालिकाको स्वास्य सेवा सम्बन्धी कामकाज गर्न गराउनकालागि तोकिएको शाखालाई सम्झनु पर्दछ।

छ. "सरकारी स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई लगायत स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

ज. "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्दछ ।

झ. "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हाँसिल गरी स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनु पर्दछ ।

ञ. "वडा अध्यक्ष" भन्नाले सिगास गाउँपालिका भित्रका वडा अध्यक्ष सम्झनु पर्दछ ।

# परिच्छेद २

# लक्ष्य र उद्देश्य

**३.लक्ष्यः** सुत्केरी तथा गर्भवती महिला, नवजात शिशुको हेरचाह तथा स्वास्थ्य सेवामा अभिप्रेरित गर्नु, नियमानुसार चारपटक गर्नजाँच गराई स्वास्थ्य संस्थामै सुत्केरी गराउन अभिप्रेरित गर्नु, गर्भवती तथा सुत्केरी आमा र शिशुको पोषण अवस्थामा सुधार ल्याई मातृ र शिशुको मृत्युदर घटाउनु नै यस कार्यक्रमको लक्ष्य रहेको छ ।

**४. उद्देश्यः**

(क) सुत्केरी अवस्थामा आमा तथा नवजात शिशुको जाँच गरी जटिलताका अवस्थाहरु समयमै पहिचान, व्यवस्थापन तथा प्रेषण गरी मातृ तथा शिशु मृत्यु कम गर्ने ।

(ख) मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउने ।

(ग) आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्ने ।

(घ) आमा तथा अभिभावकहरुलाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्ने ।

(ङ) लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्ने स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्त्व वहन गरेको अनुभूति दिलाउने ।

(च) गरीब, जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित वर्गको महिलाहरुलाई स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्ने ।

(छ) प्रजनन् स्वास्थ्य एक आधारभूत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार भएको कुरा समुदायको लक्षित वर्गसम्म जानकारी गराउने तथा उनीहरुलाई सचेत गराउने ।

(ज) स्वास्थ्य सेवाको उपयोगितामा वृद्धि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्धि गर्ने ।

## परिच्छेद ३

५.उपाध्यक्ष कोसेली कार्यक्रम भन्नाले गाउँपालिका र वडा स्तरमा संचालन हुने सबै महिला र बालबालिकासँग सम्बन्धित कार्यक्रमलाई जनाउँछ, जसभित्र निम्न कार्यक्रम पर्दछन् ।

**५.१ उपाध्यक्ष कोसेली कार्यक्रमः** गर्भवती र सुत्केरीलाई लक्षित गरी स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यका साथ उपाध्यक्ष कोशेली कार्यक्रम लागू गरिनेछ । यस कार्यक्रम अन्तर्गत सम्बन्धिसत वडाका स्वास्थ्य संस्था मार्फत गर्भवती र सुत्केरीले कोसेली पाउनेछन् । नियम अनुसार चारपटक गर्भजाँच गरेका, स्वास्थ्य संस्थामै सुत्केरी भएका महिलाहरुलाई गेडागुडी, नुन, फलफुल, हरियो सागपात अण्डा र व्यक्तिगत सरसफाईका सामाग्री कोसेलीको रुपमा दिईनेछ ।

ग्रामीण क्षेत्रमा घरमै असुरक्षित रुपमा सुत्केरी हुने, आमा र बच्चाको स्वास्थ्यमा खासै ध्यान नदिने चलन यथावत छ । उनीहरुलाई कोसेली कार्यक्रम मार्फत यसबारेमा सचेत समेत गराईनेछ ।

**परिच्छेद ३**

**कार्यक्रम सञ्चालन तथा व्यवस्थापन**

**६. उपाध्यक्ष कोसेली कार्यक्रम सञ्चालन प्रक्रियाः**

**६.१ उपाध्यक्ष कोसेली पाउने आधारहरुः**

क. प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराएका, संस्थागत सुत्केरी भएका र प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गराउने महिलाहरुको हकमा मात्र यो कार्यविधि लागू हुनेछ ।

ख. सिगास गाउँपालिकाको स्थायी बासिन्दा भई सम्बन्धित वडाको सिफारिस भएको हुनु पर्नेछ ।

ग. सिगास गाउँपालिका भन्दा अन्यत्रको नागरिकता भएमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी अथवा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

घ. कोसेली सेवा एक महिलाले बढीमा २ पटक सम्म जीवित बच्चाका आधारमा पाउनेछन् ।

**६.२ आवश्यक कागजातहरु**

क. अनुसूची १ बमोजिमको निवेदन

ख. नेपाली नागरिकता प्रमाणपत्र/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,

ग. शिशुको अस्पताल वा स्वास्थ्य संस्थाबाट प्राप्त जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

घ. सिगास गाउँपालिका भन्दा अन्यत्रको नागरिकता भएमा विवाहदर्ता प्रमाणपत्र वा बसाईसराई प्रमाणपत्रको प्रतिलिपी

ङ. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराएको गर्भवती तथा नवजात शिशु सेवा कार्डको प्रतिलिपी ।

च. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**६.३ कोसेली प्रदान गर्ने तरिकाः**

सिगास गाउँपालिका अन्तर्गत अस्पताल वा प्रसुति केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा निवेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलालाई उपाध्यक्ष कोसेली उपलब्ध गराईनेछ । यसरी उपलब्ध गराईने उपाध्यक्ष कोसेली सिगास गाउँपालिकाले स्थानीय प्रसुती केन्द्र रहेको स्वास्थ्य संस्थाहरु वा अस्पतालमा अर्धवार्षिक रुपमा गाउँपालिका उपाध्यक्ष, वडा अध्यक्ष, स्वास्थ्य शाखा वा अन्य प्रतिनिधि मार्फत वितरण गरिनेछ ।

**६.४ पोषण कोसेलीमा प्रदान गरिने सामाग्रीहरुः**

सिगास गाउँपालिकाको बजेटको परिधिमा रही प्रति सुत्केरी महिलालाई स्थानीय बजारमा उपलब्ध हुने गेडागुडी (चना/मटर), आयोडिन नुन, फलफुल, हरियो सागपात, अण्डा र व्यक्तिगत सरसफाईका सामाग्रीहरु (तौलिया, नेलकटर, साबुन, कलगेट, ब्रस) झोलामा प्याकिङ्ग वा लेवलिङ्ग गरेर वितरण गरिनेछ ।

**६.५ प्रतिवेदनः**

स्वास्थ्य संस्थाहरुले उपाध्यक्ष कोसेली नियमित वितरण गरेपश्चात अनिवार्य रुपमा स्वास्थ्य शाखामा मासिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

**परिच्छेद ५**

**विविध**

**७. विविध**

**७.१ बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**७.२ कार्यविधिको संशोधन तथा परिमार्जनः**यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्नु परेमा उपाध्यक्ष तथा स्वास्थ्य शाखाले तयार गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ र कार्यपालिका बैठकले संशोधन तथा परार्जन गर्न सक्नेछ ।

**७.३ अनुसूचीमा हेरफेर तथा थपघट**ःकार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**७.४ बाझिएमा**ः यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**७.५ कारवाही**ः यस कार्यविधि विपरित सिगास गाउँपालिका क्षेत्र बाहिरका महिलाको हकमा गर्न/गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाईनेछैन ।

**७.६ विशेष व्यवस्था**ः यस कार्यविधिले व्यवस्था गरेको विषय कार्यान्वयन गर्नु वडा र गाउँपालिका सबैको कर्तव्य हुनेछ । यो व्यवस्था प्रतिकूल हुने गरी कार्यक्रम सञ्चालन गर्न पाईनेछैन ।

अनुसूची- १

(दफा ६.२ सँग सम्बन्धित)

श्री सिगास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

गर्जे, बैतडी ।

विषयः उपाध्यक्ष कोसेली उपलब्ध गराई पाउँ ।

१. महिलाको नामथरः
२. महिलाको नागरिकता प्रमाण पत्र नं. र जारी जिल्लाः(नभएमा जन्मदर्ता प्रमाणपत्र)
३. पति/अभिभावकको नामथर र नागरिकता प्रमाण पत्र नं.ः
४. सम्भव भए नवजात शिशुको नामः
५. जन्ममितिः
६. नवजात शिशु जन्मेको अस्पताल वा स्वास्थ्य संस्थाको नामः
७. जन्मदर्ता प्रमाण पत्र नं.
८. अन्यत्रको नागरिकता भएमा बसाईसराई दर्ता प्रमाणपत्र नं. / विवाहदर्ता प्रमाणपत्र नं.
९. स्थायी ठेगाना (टोल सहित)ः
१०. संलग्न कागजातहरुः
    १.
    २.
    ३.
    ४.

निवेदकः

दस्तखतः

नामथरः

स्थायी ठेगानाः

अनुसूची- १

(दफा ६.२ सँग सम्बन्धित)

श्री सिगास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

गर्जे, बैतडी ।

विषयः उपाध्यक्ष कोसेली उपलब्ध गराई पाउँ ।

११. महिलाको नामथरः

१२. महिलाको नागरिकता प्रमाण पत्र नं. र जारी जिल्लाः

१३. पति/अभिभावकको नामथर र नागरिकता प्रमाण पत्र नं.:

१४. सम्भव भए नवजात शिशुको नामः

१५. जन्ममितिः

१६. नवजात शिशु जन्मेको अस्पताल वा स्वास्थ्य संस्थाको नामः

१७. जन्मदर्ता प्रमाण पत्र नं.

१८. अन्यत्रको नागरिकता भएमा बसाईसराई दर्ता प्रमाणपत्र नं. / विवाहदर्ता प्रमाणपत्र नं.

१९. स्थायी ठेगाना (टोल सहित):

२०. संलग्न कागजातहरुः

१.

२.

३.

४.

निवेदकः

दस्तखतः

नामथरः

स्थायी ठेगानाः

आज्ञाले

कवीन्द्र प्रसाद ओझा

प्रमुख प्रशासकीय अधिकृत